"स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"

# प्रदेश खेलकुद विकास परिषद्

PROVINCE SPORTS DEVELOPMENT COUNCIL

बागमती प्रदेश, हेटौंडा, नेपाल

Bagamati Province, Hetauda, Nepal

प.सं : २०८३/०८४

चलानी नं :

## संघ, संस्था तथा क्लब दर्ता/नवीकरण सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०५/१६)*

प्रदेश खेलकुद विकास ऐन, २०७५ को **दफा १३** मा खेलकुद सम्बन्धी क्लब, संघ, संस्था परिषद्मा दर्ता हुनुपर्ने व्यवस्था रहेको तथा **प्रदेश खेलकुद विकास नियमावली, २०७६ को नियम १०** मा खेलकुद सम्बन्धी क्लब, संघ, संस्थाको आबद्धता तथा नवीकरण सम्बन्धी व्यवस्था रहेको हुँदा बागमती प्रदेशभित्र क्रियाशील तथा स्थापना भई सञ्चालनमा रहेका सम्पूर्ण खेलकुद सम्बन्धी क्लब, संघ तथा संस्थाहरूलाई परिषद्मा प्रचलित कानूनबमोजिम दर्ता/आबद्धता तथा नवीकरण गराउन यो सूचना प्रकाशित गरिएको छ।

यसै सन्दर्भमा आगामी दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश हुने ३१ वटा खेल विधासँग सम्बन्धित प्रदेशस्तरीय खेलकुद संघहरू परिषद्मा अनिवार्य रूपमा दर्ता/आबद्धता तथा नवीकरण भएको हुनुपर्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

साथै, दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश नभएका अन्य खेल विधासँग सम्बन्धित संघ, संस्था तथा क्लबहरूले समेत प्रदेश खेलकुद विकास ऐन, २०७५ तथा प्रदेश खेलकुद विकास नियमावली, २०७६ बमोजिम यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** नियमानुसार दर्ताका लागि आवश्यक कागजातसहित यस परिषद्मा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ।

*पुनश्चः हालसम्म यस परिषद्मा दर्ता तथा आवद्ध भई ऐन तथा नियमावली बमोजिम समयमै नविकरण कार्य नगरेका संघ, संस्था तथा क्लब र माथी उल्लेखित समयावधि (१५ दिन) भित्र दर्ता नभएका खेलकुद सम्बन्धी संघ, संस्था तथा क्लबहरूलाई दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको आधिकारिक छनोट प्रक्रिया तथा परिषद्बाट सञ्चालन हुने अन्य कुनै पनि कार्यक्रम एवं सहयोगमा सहभागी नगराइने व्यहोरा समेत निर्देशानुसार जानकारी गराइन्छ।*

*थप जानकारीका लागिः ९८५६०५१५९४, ९८४७८०२०१०*

०५।१६

देवेन्द्र कटेल

प्रमुख

खेलकुद प्रतिष्ठान शाखा